**GOVERNMENT OF SIKKIM**
**HOME DEPARTMENT**
**GANGTOK**

**No. 72/Home/2024** **Dated: 11/09/2024**

## NOTIFICATION

Whereas, the State Government has deemed it expedient to constitute a High-Level Steering Committee (HLSC) and a Multi-disciplinary Task Force (MTF) to address the threat of glacial lake outburst floods (GLOFs) in the State,

And whereas, as per the report of National Disaster Management Authority (NDMA), Sikkim has 40 (forty) high-risk glacial lakes;

And whereas, mitigating GLOFs is a complex task of inter-disciplinary nature, which involves remote location, high altitude, complex topography and extreme cold weather;

Now therefore, with a view to achieve the above objective, the State Government is hereby pleased to constitute a High-Level Steering Committee (HLSC) and a Multi-disciplinary Task Force (MTF) comprising the following members, namely :-

### 1. Composition of High-Level Steering Committee (HLSC)

| | | |
|---|---|---|
| 1 | Chief Secretary | Chairman |
| 2 | Director General of Police, Police Headquarters | Member |
| 3 | Principal Chief Conservator of Forest-cum-Secretary, Forest and Environment Department | Member |
| 4 | Relief Commissioner-cum-Secretary, Land Revenue and Disaster Management Department | Member |
| 5 | Secretary, Planning and Development Department | Member |
| 6 | Secretary, Finance Department | Member |
| 7 | Principal Chief Engineer-cum-Secretary, Water Resources Department | Member |
| 8 | Secretary, Mines and Geology Department | Member |
| 9 | Secretary, Science and Technology Department | Member Secretary |

### (I) Terms of Reference of HLSC :-

(a) to coordinate with defense establishments, paramilitary forces and Central Government agencies to provide support;
(b) to consult and partner with leading experts and organizations in this field;
(c) to evaluate various mitigation options and approve the glacial flood mitigation plans;
(d) to suggest possible funding sources to fund the glacial flood mitigation plans;
(e) to review and evaluate the progress made towards glacial flood mitigation;
(f) to invite subject experts, academicians and others as required while convening its meetings;
(g) to take up capacity building of the officials involved in field studies and mitigation;

(h) to clarify and assign roles and responsibilities to various departments and agencies and resolve inter-sectoral and coordination issues;
(i) to co-opt any other Head of Department as a member of the High Level Steering Committee as deemed necessary;
(j) the Terms of Reference may be expanded by the committee itself, as required;
(k) the High Level Steering Committee shall meet at least once in six months and if required, more frequently.

## 2. Composition of Multi-disciplinary Task Force (MTF)

| | | |
|---|---|---|
| 1 | Secretary, Science and Technology Department | Chairman |
| 2 | Additional Principal Chief Conservator of Forest, Forest and Environment Department | Member |
| 3 | Inspector General of Police, Home Guards & Civil Defence, Police Headquarters | Member |
| 4 | Principal Director, Science and Technology Department | Member |
| 5 | Principal Chief Engineer, Water Resources Department | Member |
| 6 | Principal Director, Mines and Geology Department | Member |
| 7 | Director, Geological Survey of India, Gangtok, Sikkim, Government of Sikkim | Member |
| 8 | Prof. Vikram Gupta, Geology Department, Sikkim University | Member |
| 9 | Superintendent Engineer, Central Water Commission, Gangtok, Government of Sikkim | Member |
| 10 | Director, Sikkim State Disaster Management Authority | Member Secretary |

### (I) Terms of Reference of MTF

(a) to contribute to the expeditions to the high-risk glacial lakes for hazard assessment and mitigation;
(b) to prepare glacial flood mitigation plans for the high-risk glacial lakes;
(c) to prepare the cost estimates and develop the Detailed Project Report for mitigation;
(d) to implement these mitigation plans under the direction of the High Level Steering Committee:
(e) to consult leading experts and organizations in this field;
(f) to invite subject experts, academicians, department officials and others as and when required while convening its meetings;
(g) to regularly update the High Level Steering Committee on progress made and future plans;
(h) to take up any other task as assigned by the High Level Steering Committee;
(i) to monitor, document and disseminate the progress made;
(j) the Multi-disciplinary Task Force shall meet at least once a month and, if required, more frequently.

By order and in the name of the Governor.

Sd/-
**(V. B. Pathak, IAS)**
Chief Secretary
Government of Sikkim
**File No. 999/DST/2024**

---

Copy for information to:
1. All concerned above;
2. The Pr. Secretary to Hon'ble, Chief Minister, CMO;
3. The Secretary to Hon'ble Governor, Raj Bhawan;

4. All the Heads of Department, Government of Sikkim;
5. The Director General of Police, PHQ, Gangtok;
6. All District Collectors, Gangtok, Gyalshing, Mangan, Namchi, Pakyong and Soreng;
7. The Staff Officer to the Chief Secretary, Government of Sikkim;
8. PS to Additional Chief Secretary, Home Department, Government of Sikkim;
9. Sr. PA to Secretary, Home Department, Government of Sikkim;
10. The Asst. Director-IT, Home Department (Confdl.) – for uploading on Government website;
11. Gazette Section – for publication in the official Gazette and uploading on the e-Gazette platform;
12. File & Guard File.

HOME DEPARTMENT ★ GOVT. OF SIKKIM, GANGTOK

Joint Secretary-II (Confdl.)
Home Department
Government of Sikkim

गृह विभाग
सिक्किम सरकार
गान्तोक

**सं. ७२/गृह/२०२४** | **मिति: ११/०९/२०२४**

## अधिसूचना

जबकि, राज्य सरकारले राज्यमा हिमनदी ताल विस्फोट बाढ़ी (जीएलओएफ)-को जोखिमलाई सम्बोधन गर्न उच्च स्तरीय सञ्चालन समिति (एचएलएससी) र बहु-विषयक कार्यदल (एमटीएफ) गठन गर्न उचित ठानेको छ,

अनि जबकि, राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरण (एनडीएमए)-को प्रतिवेदनको आधारमा, सिक्किममा ४० (चालीस)-वटा उच्च जोखिम भएका हिमनदी तालहरू छन्;

अनि जबकि, जीएलओएफ-लाई कम गर्नु अन्त-विषयक प्रकृतिको कठिन कार्य हो, जसमा दुर्गम स्थान, उच्च इलाका, कठिन स्थलाकृति र अत्यन्त चिसो मौसम सामेल छ;

अब त्यसैले, उपरोक्त उद्देश्यलाई हासिल गर्ने उद्देश्यले, राज्य सरकार, निम्न सदस्यहरूसहितको उच्च स्तरीय सञ्चालन समिति (एचएलएससी) र बहु-विषयक कार्यदल (एमटीएफ) गठन गर्दछ, जस्तैः-

१. **उच्च स्तरीय सञ्चालन समिति (एचएलएससी)-को संघटन**

| | | |
|---|---|---|
| १ | मुख्य सचिव | अध्यक्ष |
| २ | प्रहरी महानिदेशक, प्रहरी मुख्यालय | सदस्य |
| ३ | प्रधान मुख्य वन संरक्षक एवं सचिव, वन एवं पर्यावरण विभाग | सदस्य |
| ४ | राहत आयुक्त एवं सचिव, भू-राजस्व एवं आपदा प्रबन्धन विभाग | सदस्य |
| ५ | सचिव, योजना तथा विकास विभाग | सदस्य |
| ६ | सचिव, वित्त विभाग | सदस्य |
| ७ | प्रधान मुख्य अभियन्ता एवं सचिव, जल संसाधन विभाग | सदस्य |
| ८ | सचिव, खानी एवं भूविज्ञान विभाग | सदस्य |
| ९ | सचिव, विज्ञान तथा प्रौद्योगिकी विभाग | सदस्य सचिव |

(१) एचएलएससी-का सन्दर्भ सर्तहरू:-

(क) सहयोग प्रदान गर्न रक्षा प्रतिष्ठानहरू, अर्धसैनिक बलहरू र केन्द्र सरकारका एजेन्सीहरूसित समन्वय राख्नु;
(ख) यस क्षेत्रमा प्रमुख विशेषज्ञहरू र संगठनहरूसित परामर्श र साझेदारी गर्नु;
(ग) विभिन्न न्यूनीकरण विकल्पहरूको मूल्याङ्कन गर्नु र हिमनदी बाढी न्यूनीकरण योजनाहरू अनुमोदन गर्नु;
(घ) हिमनदी बाढ़ी न्यूनीकरण योहनाहरूमा वित्तपोषणका लागि सम्भावित कोषका स्रोतहरूको सुझाउ दिनु;
(ङ) हिमनदी बाढ़ी न्यूनीकरणको दिशामा भएको प्रगतिको संमीक्षा र मूल्याङ्कन गर्नु;
(च) यसबारे बैठक आयोजनको समय आवश्यकताअनुरूप विषय विशेषज्ञहरू, शिक्षाविदहरू र अन्यलाई आमन्त्रित गर्नु;
(छ) स्थलगत अध्ययन र न्यूनीकरणमा संलग्न अधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु;
(ज) विभिन्न विभाग र एजेन्सीहरूलाई भूमिका र जिम्मेवारीहरू सुम्पिनु अनि अन्तर क्षेत्रीय र समन्वय सम्बन्धी मुद्दाहरूको समाधान गर्नु;
(झ) आवश्यकताअनुसार कुनै अन्य विभागीय प्रमुखलाई उच्च स्तरीय सञ्चालन समितिका सदस्यको रूपमा नियुक्त गर्नु;
(ञ) आवश्यकताअनुसार समिति स्वयंले सन्दर्भका सर्तहरूको विस्तार गर्नेछ;
(ट) उच्च स्तरीय सञ्चालन समितिको बैठक छह महिनामा कम्तिमा एकपल्ट अनि आवश्यकता परेमा धेरैपल्ट बस्नेछ।

२. बहु-विषयक कार्यदल (एमटीएफ)-को संघटन

| | | |
|---|---|---|
| १ | सचिव, विज्ञान एवं प्रौद्योगिकी विभाग | अध्यक्ष |
| २ | अतिरिक्त प्रधान मुख्य वन संरक्षक, वन तथा पर्यावरण विभाग | सदस्य |
| ३ | प्रहरी महानिरीक्षक, होमगार्ड्स तथा नागरिक सुरक्षा, प्रहरी मुख्यालय | सदस्य |
| ४ | प्रधान निदेशक, विज्ञान एवं प्रौद्योगिकी विभाग | सदस्य |
| ५ | प्रधान मुख्य अभियन्ता, जलसंसाधन विभाग | सदस्य |
| ६ | प्रधान निदेशक, खानी एवं भूविज्ञान विभाग | सदस्य |
| ७ | निदेशक, भारतीय भूमिज्ञान सर्वेक्षण, गान्तोक सिक्किम, सिक्किम सरकार | सदस्य |
| ८ | प्रा. विक्रम गुप्ता, भूविज्ञान विभाग, सिक्किम विश्वविद्यालय | सदस्य |
| ९ | अधीक्षक अभियन्ता, केन्द्रिय जल आयोग, गान्तोक, सिक्किम सरकार | सदस्य |
| १० | निदेशक, सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरण | सदस्य सचिव |

(१) एमटीएफ-का सन्दर्भ सर्तहरू

(क) जोखिम मूल्याङ्कन र न्यूनीकरणका लागि उच्च जोखिममा रहेका हिमनदी तालहरूका अभियानहरूमा योगदान दिनु;

(ख) उच्च जोखिममा रहेका हिमनदी तालहरूको हिमनदी बाड़ी न्यूनीकरण योजनाहरू तयार पार्नु;

(ग) न्यूनीकरणका लागि अनुमानित लागत र विस्तृत परियोजना प्रतिवेदन तयार पार्नु;

(घ) उच्च स्तरीय सञ्चालन समितिको निर्देशनमा न्यूनीकरण योजनाहरूको कार्यान्वयन गर्नु;

(ङ) यस क्षेत्रमा प्रमुख विशेषज्ञहरू र संगठनहरूसित परामर्ष गर्नु;

(च) यसबारे बैठक आयोजनको समय आवश्यकताअनुरूप विषय विशेषज्ञहरू, शिक्षाविदहरू, विभागीय अधिकारीहरू र अन्यलाई आमन्त्रित गर्नु;

(छ) प्रगति र भावि योजनाहरूको बारेमा उच्च स्तरीय सञ्चालन समितिलाई नियमित रूपमा अद्यावधिक गर्नु;

(ज) उच्च स्तरीय सञ्चालन समितिद्वारा दिइएको अन्य कार्यलाई अघि बढ़ाउनु;

(झ) प्रगतिको निगरानी, दस्तावेजीकरण र प्रसार गर्नु;

(ञ) बहु-विषयक कार्यदलको बैठक एक महिनामा कम्तिमा एकपल्ट अनि आवश्यकता परेमा धेरैपल्ट बस्नेछ।

राज्यपालको आदेश अनि नाममा

HOME DEPARTMENT GOVT. OF SIKKIM, GANGTOK

हद/-
**(विजय भूषण पाठक, भाप्रसे)**
मुख्य सचिव
सिक्किम सरकार
**फाइल सं. ९९९/डीएसटी/२०२४**

**सूचनाका लागि प्रतिलिपि:-**

१. उपरोक्त सबै सम्बन्धित;
२. माननीय मुख्यमन्त्रीका प्रधान सचिव, मुख्यमन्त्री कार्यालय;
३. माननीय राज्यपालका सचिव, राज भवन;
४. सबै विभागीय प्रमुख, सिक्किम सरकार;
५. प्रहरी महानिदेशक, प्रहरी मुख्यालय, गान्तोक;
६. सबै जिल्लाधीशगण, गान्तोक, गेजिङ, मंगन, नाम्ची, पाकिम र सोरेङ;
७. मुख्य सचिवका कर्मचारी अधिकारी, सिक्किम सरकार;
८. अतिरिक्त मुख्य सचिवका निजी सचिव, गृह विभाग, सिक्किम सरकार;
९. सचिवका वरिष्ठ निजी सहायक, गृह विभाग, सिक्किम सरकार;
१०. सहायक निदेशक - सूचना प्रौद्योगिकी, गृह विभाग (गोपनीय) - सरकारी वेबसाइटमा लगाउनका लागि;
११. राजपत्र शाखा - सरकारी राजपत्रमा प्रकाशनका लागि अनि ई-राजपत्र मञ्चमा लगाउनका लागि;
१२. फाइल अनि गार्ड फाइल।

संयुक्त सचिव-२ (गोपनीय)
गृह विभाग
सिक्किम सरकार